# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

आ.व - ०७७/७८
च.न - ५४३१

मिति: २०७८/०३/१५

श्री वडा कार्यालयहरु सबै,
श्री विषयगत शाखाहरु सबै,
श्री सम्पूर्ण उपभोक्ता समितीहरु,
श्री सम्पूर्ण संघसंस्था तथा सरोकारवालाहरु,
कालिका नगरपालिका, चितवन

**विषय: आ.व. २०७७/७८ को भुक्तानी तथा खाता बन्द सम्बन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) अनुसार भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी दिई लेखा अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाबाट संचालित आ.व. २०७७/०७८ को सम्पूर्ण कार्यक्रमहरुको २०७८/०३/२० भित्र कार्य सम्पन्न गरी रकम भुक्तानीको लागि माग गर्न अनुरोध गरिन्छ । **तोकिएको मिति पछि पेश भएका कागजातको हकमा रकम भुक्तानी गर्न कालिका नगरपालिका जिम्मेवार नहुने र सो रकम फ्रिज हुने जानकारी गराइन्छ ।**

**संघिय सरकारको शसर्त कार्यक्रम, प्रदेश सरकारको शसर्त कार्यक्रम, स्थानीय पूर्वाधार र प्रदेश पूर्वाधारतर्फको** मिति:२०७८/०३/२० भित्र सबै योजनाको फरफारक सम्पन्न गर्नुपर्नेछ ।

नगरपालिका बाट संचालित अन्य योजना तथा कार्यक्रमको हकमा मिति **२०७८/०३/२०** गते भित्र कार्य सम्पन्न गरी सम्पूर्ण कागजात नगरपालिकामा पेश गरी भुक्तानी माग गर्ने । मिति **२०७८/०३/२३** गते भित्र सबै योजनाको फरफारक सम्पन्न गर्नुपर्नेछ ।

बाँकी सात दिनभित्र कर दाखिला गर्ने, नेपाल सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी सोको बैङ्क भौचर कोलेनिकामा बुझाउने र आ.व. ७७/७८ को सम्पूर्ण कारोबारको हिसाब मिलान गरी संघीय सरकार, प्रदेश सरकार लगायतका निकायमा प्रतिवेदन पठाउने समेतका कामहरु आव समाप्त हुनुभन्दा अगावै गरिसक्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था भएकोले २०७८/०३/२० भित्र भुक्तानीको लागि कागजात पेश हुन नआएमा कार्यालय भुक्तानी दिन असमर्थ हुने हुँदा समय सीमा भन्दा पछि भुक्तानी माग गरेको कारणले भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने र स्वयं सरोकारवाला नै जिम्मेवार हुने व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

**बोधार्थः**

**योजना शाखाः** सम्पूर्ण उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायीको २०७८/०३/२० सम्म गरेको कामको ३/२३ गतेभित्र भुक्तानी प्रक्रिया अगाडी बढाउनुहुन।

**पूर्वाधार शाखाः** सम्पूर्ण सम्पन्न भएको कामको ३/२० भित्र मुल्याङ्कन गरी पेश गर्नु हुन ।

अच्युतराज रेग्मी

# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

**शिक्षा शाखाः** सम्पूर्ण विध्यालयहरुलाई ३/२० भित्र भुक्तानी माग गर्न ताकेता गर्नुहुन।

**वडा कार्यालयहरुः** वडा भित्र सम्पन्न भएको सम्पूर्ण कार्यहरुको फरफारक ३/२३ भित्र सक्नु हुन।

**सम्पूर्ण विध्यालयहरुः** ३/२३ भित्र सम्पूर्ण योजनाहरुको फरफारक गर्नु हुन।

**सम्पूर्ण उपभोक्ता समितिहरुः** ३/२३ भित्र योजनाको फरफारक गर्नु हुन ।

**सूचना प्रविधि शाखाः** सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराउनु हुन।

ऋषि प्रसाद कडुवाल
लेखा अधिकृत

अच्युतराज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

अच्युतराज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत